स्वस्थ,स्वच्छ,स्वतन्त्र र स्वाभिमान,सम्वृद्ध समाज निर्माणको लागि हाम्रो संचार अभियान

# जनतापत्र

Janatapatra weekly

साप्ताहिक

जि.प्रशा.का.सि.पा.द.नं. ७१-०७०।७१ जि.हु.का.सि.पा.द.नं. २५-०७०।७१ सूचना विभाग द.नं. ३९७५-०७९।८० प्रेश काउन्सिल सु.द.नं. ८४५-०७४।७५

वर्ष -१३ , अंक-९ २०८२ असोज ६ , सोमवार sep - 22 , 2025 मुल्य रु.- १० । janatapatra.com

## सिन्धुपाल्चोकको कोशेली घरः स्थानीय उत्पादन र अपाङ्गता भएका परिवारका लागि आत्मनिर्भरता मञ्च

जनतापत्र, चौतारा

चौतारास्थित बौद्धिक अपाङ्गता अभिभावक संघले सञ्चालन गरेको 'कोशेली घर'ले स्थानीय समुदायमा नयाँ उत्साह ल्याएको छ। यस मञ्चको मुख्य उद्देश्य अपाङ्गता भएका व्यक्तिहरूका परिवारलाई आर्थिक रूपमा सशक्त बनाउने र स्थानीय उत्पादन प्रवर्द्धन गर्ने हो। कोशेली घरमा विविध हस्तकलाबाट लिएर कृषि उत्पादनसम्मका सामग्री बिक्रीका लागि राखिएका छन्। यहाँ परिवारहरूले उत्पादन गरेका हातले बुनेका ब्याग, पूजाका लागि प्रयोग हुने दुना-टपरी, धूपबत्ती, कुशन, डल, कुचो, घ्यु, अर्गानिक अचार, टिमुर, तोरीको तेल, आलुको चिप्स, बिसार लगायतका सामग्रीहरू उपलब्ध छन्। उपभोक्ताले एकै ठाउँमा यी सबै उत्पादन सहजै खरीद गर्न सक्ने व्यवस्था गरिएको छ।

सङ्घकी अध्यक्ष जानुका श्रेष्ठका अनुसार, "कोशेली घरले अपाङ्गता भएका व्यक्तिहरूका परिवारलाई आफ्ना उत्पादन बजारमा पुऱ्याउन सहयोग पुऱ्याएको छ।

यसले उनीहरूलाई आय आर्जन गर्न र आत्मनिर्भर बन्ने अवसर दिन्छ।" उनले थपिन्, "हाम्रो मुख्य उद्देश्य परिवारलाई आर्थिक रूपमा सशक्त बनाउनु र उनीहरूको सीपलाई पहिचान दिनु हो।"




कोशेली घरले केवल अपाङ्गता भएका परिवारलाई मात्र होइन, स्थानीय उत्पादनलाई पनि बजारसँग जोड्ने महत्वपूर्ण माध्यमको काम गरेको छ। यहाँ उत्पादन भएका सामग्रीहरूले न केवल आर्थिक सहयोग पुऱ्याउँछन्, तर विद्यार्थी, युवा र महिला समूहका लागि सिक्ने र सहभागी हुने अवसर पनि प्रदान गर्छन्। कार्यक्रममा उपस्थित स्थानीयले भने, "यस घरले हाम्रो उत्पादनलाई सही मूल्यमा बिक्री गर्ने अवसर दिएको छ। अब हामी आफ्नो मेहनतबाट आय आर्जन गर्न सक्षम भएका छौं।" प्रधानाध्यापक र शिक्षकहरू पनि यस पहलको समर्थन गर्दै भन्छन् कि यसले विद्यार्थीमा स्वावलम्बन, पोषणीय चेतना र वातावरणीय शिक्षा पनि बढाउँछ। सिन्धुपाल्चोकको 'कोशेली घर' एक उदाहरण बनेको छ कि कसरी समुदाय, स्थानीय उत्पादन र अपाङ्गता भएका व्यक्तिहरूका परिवारलाई सशक्त बनाउने प्रयासले दीर्घकालीन प्रभाव पार्न सक्छ। आगामी दिनमा यस मञ्चलाई अझ विस्तार गरी अन्य क्षेत्रका विद्यालय र समुदायसम्म पुऱ्याउने योजना पनि रहेको छ।

## मेलम्चीको विद्यालयमा नमुना किचेन गार्डेन, विद्यार्थीलाई अर्गानिक तरकारीबाट स्वस्थ खाजा

जनतापत्र, मेलम्ची

श्री इन्द्रश्वरी माध्यमिक विद्यालयले आफ्नै विद्यालयमै नमुना किचेन गार्डेन स्थापना गरी विद्यार्थीलाई अर्गानिक तरकारीबाट स्वस्थ दिवा खाजा खुवाउने अभियान सुरु गरेको छ।

विद्यालयको खाली जग्गामा ईको बालक्लब, बाल सुरक्षा क्लब, प्राविधिक विषयका विद्यार्थी, शिक्षक र विद्यालय समुदायको सक्रिय सहभागितामा मौसमी तरकारीका विभिन्न प्रजातिहरू रोपेर किचेन गार्डेन तयार पारिएको हो। फलामे टनेलमार्फत प्रयोगात्मक करेसाबारी, रोपाइँ, गोडमेल र संरक्षणका उपायबारे कृषि प्राविधिकले विद्यार्थीलाई प्रशिक्षण पनि दिएका छन्।

चाइल्ड रेस्क्यू नेपाल र साझेदारी नेपालको सहयोगमा सञ्चालन भएको यस कार्यक्रमलाई आगामी दिनमा अन्य विद्यालयसम्म विस्तार गर्ने योजना रहेको साझेदारी नेपालका सल्लाहकार पुरुषोत्तम घोरासैनी र कार्यक्रम अधिकृत पुष्पा भणरीले जानकारी दिए।

विद्यालयमा तयार भएको किचेन गार्डेनले बालबालिकाको पोषण स्तर सुधारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। यसको संरक्षणमा विद्यार्थी, शिक्षक र अभिभावकलाई परिचालन गर्ने प्रतिवद्धता फोकल शिक्षक अमृत नगरकोटीले व्यक्त गरे।

प्रधानाध्यापक देविप्रसाद श्रेष्ठ र शिक्षक जितबहादुर बस्नेतले भने, "विद्यालय परिसरभित्रै उत्पादन हुने अर्गानिक तरकारीलाई दिवा खाजामा प्रयोग गर्दा विद्यार्थीमा स्वावलम्बन, वातावरणीय शिक्षा र पोषण चेतना बढ्छ। यसले दीर्घकालीन रूपमा स्वस्थ जीवनशैली विकासमा टेवा पुऱ्याउनेछ।"

## चौतारामा मिनि रंगशाला निर्माणलाई नयाँ गति

जनतापत्र, चौतारा

चौतारामा निर्माणाधीन मिनि रंगशालाको कामले पुनः गति लिएको छ। बागमती प्रदेश सरकारले लगानी गरेको यस परियोजना असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्यसहित अघि बढाइँदैछ।

चार वर्षअघि सुरु गरिएको रंगशाला निर्माण तोकिएको समयमा पूरा नहुँदा ठेक्का रद्द गरिएको थियो। त्यसपछि सरकारले खरिद नियमावली संशोधन गरी अलपत्र परियोजनालाई थप एक वर्ष समय दिएको थियो। यस कदमपछि निर्माण कार्य पुनः सुरु हुन सकेको हो।

२०७७ असार २३ गतेबाट सुरु भएको परियोजना १८ महिनाभित्र सम्पन्न गर्ने लक्ष्यमा अघि बढाइएको भए पनि दुई पटक म्याद थप्दा पनि २०८० चैतभित्र काम पूरा नभएपछि ठेक्का तोडिएको थियो। हालसम्म करिब आधा भौतिक प्रगति मात्रै भएको इन्जिनियर कुशुम भट्टराईले जानकारी दिए।

अझै बाँकी काममा प्यारापिट ढलान, मैदानमा पानी निकास, ग्राभेल तथा बालुवा फिलिङ, सर्भिस लेन, टिकट घर निर्माण, रात्रिकालीन लडलाइट तथा डिजिटल डिस्प्ले बोर्ड जडान जस्ता काम समावेश छन्।

निर्माण व्यवसायीहरूले अघिल्लो चरणमा सम्पन्न करिब दुई करोड रुपैयाँ बराबरको भुक्तानी पाउन बाँकी रहेको गुनासो गरेका छन्। उनीहरूले भुक्तानीको ढिलाइले काममा असर पारेको बताएका छन्। निर्माण सम्पन्न भएपछि चौतारा रंगशालाले स्थानीय खेलकुद गतिविधि, विद्यार्थी तथा युवा प्रशिक्षण, र प्रतियोगिता आयोजना गर्न सहज वातावरण उपलब्ध गराउने विश्वास गरिएको छ।

**प्रकाशक**
**टिका सुवेदी**
**सम्पादक**
**दिनेश सापकोटा**
**कम्प्युटर : जनतापत्र डेक्स**
**मुद्रण : सेवा अफसेट प्रेस**
**सम्पर्क : ९८४१९८९०८७**
**इमेलः** weeklyjanatapatra70@gmail.com
**ठेगाना : चौतारा, सिन्धुपाल्चोक**

सम्पादकिय

## जेन–जीको विद्रोह : रूपान्तरणको चेतावनी

हालको नेपाली समाजमा नयाँ पुस्ता–विशेष गरी जेन–जी–असन्तुष्ट, प्रश्नाकुल र विद्रोही रुपमा अघि बढिरहेको देखिन्छ।

मोबाइल, इन्टरनेट र विश्वव्यापी सूचना पहुँचसँगै हुर्किएको यो पुस्ता परम्परागत राजनीति, पुराना मूल्य र स्थापित नेतृत्वलाई सहजै स्वीकार्न तयार छैन।

उनीहरू पारदर्शिता, समानता र परिणाममुखी राजनीतिको माग गर्दै सडकदेखि सामाजिक सञ्जालसम्म निरन्तर स्वर बुलन्द गरिरहेका छन्।

युवापुस्ताको यो असन्तोषलाई केवल नकारात्मक दृष्टिले बुझ्न सकिँदैन। वास्तवमा, यिनै प्रश्न र विद्रोहले समाजलाई नयाँ बाटो देखाउने सम्भावना बोकेको छ।

जेन–जीले राजनीति प्रष्ट, जवाफदेही र जनमुखी हुनुपर्ने माग उठाएका छन्।

उनीहरूलाई नारा होइन, व्यवहारिक नतिजा चाहिएको छ, भाषण होइन, काम देखिने अपेक्षा छ। पुराना राजनीतिक अभ्यासमा गुम्सिएको अवसरवाद, भ्रष्टाचार र नातावादलाई चुनौती दिने यो शक्ति यदि सही ढंगले अगाडि बढ्यो भने नयाँ राजनीतिक संस्कृतिको जग बस्न सक्छ।

अतः, पुराना दल र नेताले यो पुस्ताको आवाजलाई हल्का रुपमा लिनु हुन्न।

जेन–जीलाई समेट्ने, उनीहरूको सहभागिता सुनिश्चित गर्ने र उनीहरूको सपनालाई संस्थागत गर्ने कदम चाल्न सके मात्र नेपालको राजनीति वास्तवमै रूपान्तरणको बाटोमा अघि बढ्नेछ।

विचारपत्र

# संविधानले नसुल्झाएका बहस

*नारायण काफ्ले*

संविधान हुँदा जुन विवाद सतहमा थिए पछिल्ला दिनमा ती सवालको संशोधन प्रश्न टड्कारो बनिरहेको छ।

जेनजी आन्दोलनपछि मात्र ती विवादित विषय विमर्शमा आएका हैनन्, संविधान जारीको स्वामित्व लिने दलले समेत मूलभूत विषय संशोधन बहस चलाइसकेका थिए। निर्वाचन प्रणाली, शासकीय स्वरूप, न्यायिक स्वतन्त्रता र सङ्घीयताका महत्वपूर्ण विषय अहिले पनि संशोधनको छलफलमा छन्। यी विषय संशोधनमा गए संविधान करिब पुनर्लेखन नै हुने छ।

संविधान संशोधन शासकीय निर्देशन हैन जसको विधि, प्रक्रिया र अन्तर्वस्तु सबैमा नागरिक सहभागिता, स्वीकृति र अनुमोदन गर्नु पर्छ।

यसरी संशोधन हुने पद्धतिबाट मात्र वैध उद्देश्य हासिल हुन सक्छ। बहुसङ्ख्यक नागरिकको स्वीकार्यताबिनाको संशोधन संविधान अङ्ग त बन्ला तर नागरिक अनुमोदन नहुन सक्छ।

पहिलो संविधान सभा विघटन हुनुको आवरणमा देखिएका चार मुख्य विवाद थिए। सङ्घीय संरचना, शासकीय स्वरूप, न्याय प्रणाली, निर्वाचन प्रणालीलगायतका मुख्य विवाद थिए।

दोस्रो संविधान सभामा आइपुग्दा विवाद साँघुरो बन्दै गए। संविधान सभामा फेरिएको राजनीतिक अकंगणितका कारण पहिलो सभाको भन्दा फरक परिदृश्य थियो।

संसदीय व्यवस्था, मिश्रित निर्वाचन प्रणाली, एकीकृत न्यायालयको पक्षमा रहेका नेपाली कांग्रेस तथा नेकपा (एमाले) दोस्रो संविधान सभामा निर्णायक बनेपछि राजनीतिक सहमतिको दस्तावेजका रूपमा २०७२ असोज ३ गते नेपालको संविधान जारी भयो।

संविधान जारी भएको १० वर्ष नबित्दै संविधानको स्वामित्व लिएका दुई ठुला दल कांग्रेस र एमालेले नै मुख्य गरी निर्वाचन प्रणाली फेर्नुपर्ने विषयमा नयाँ बहस प्रारम्भ गरे।

संविधानको पूर्ण कार्यान्वयन नहुँदै चुलिएको बहसको पक्ष र विषयमा दल विभाजित थिए।

शासकीय अक्षमताको बोझ संविधानमा बोकाइएको भन्दै नागरिक समाजको एक तप्काको असन्तुष्टि थियो।

शासकीय स्थिरताका लागि भन्दै दुई दलले प्रारम्भ गरेको बहसमा अन्य पक्षबाट पनि एजेन्डा थप हुँदै गए, जसमा सङ्घीय संरचना हेरफेरसम्मका विषय छन्।

संसद्, नागरिक समाज, पेसागत सङ्गठन र पछिल्लो समय भएको जेनजी आन्दोलनका क्रममा संशोधनका विषयवस्तु थपिने क्रममा छन्।

सर्वपक्षीय माग अनुसार संविधान संशोधन अगाडि बढे १० वर्षमा नै संविधान पुनर्लेखनको बाटोमा छ। सामान्य संशोधनबाट अहिलेको एजेन्डा बोक्न र परिवर्तन आत्मसात गर्न सम्भव देखिन्न।

शासकीय अक्षमताको बोझ पनि संविधानलाई बोकाइँदा प्रणाली फेर्ने बहस अहिले चुलिएको छ। पछिल्लो समय प्रत्यक्ष निर्वाचित कार्यकारीको बहस चर्चामा छ। संविधान सभामा माओवादी केन्द्र र मधेशकेन्द्रित केही दलले यो एजेन्डा बोकेका थिए।

कांग्रेस र एमाले सुधारिएको संसदीय व्यवस्थाको पक्षमा अडिग हुँदा एजेन्डाले महत्व पाएन।

अहिले दुई दलले खोजेको संशोधन संसदीय व्यवस्थाभित्रकै स्थिर सरकार हो।

संविधान संशोधनको सवालमा अहिले केही विषय छलफलमा छन्।

औपचारिक रूपमा विषय पहिचान र संशोधनको मार्गचित्र प्रस्ट भइसकेका छैनन्। संविधान कार्यान्वयनमा देखिएका कठिनाइ, शासकीय संरचनामा देखिएका असन्तुष्टि, न्यायिक स्वतन्त्रता, संवैधानिक आयोगको कार्यक्षमतालगायत विषयसँग जोडिएर बहस भने जारी छ।

संशोधन प्रक्रियामा भइरहेका पछिल्लो बहसले कम्तीमा पनि सङ्घीयता र प्रदेश संरचना स्पष्टता, शासकीय प्रबन्ध, निर्वाचन प्रणालीको पुनरवलोकन, न्यायिक स्वतन्त्रता र नियुक्ति प्रक्रिया, समावेशिता र प्रतिनिधित्व, संवैधानिक आयोगको स्वायत्तता र स्वतन्त्रताका विषय निर्क्योल हुनुपर्ने अवस्था छ।

संविधान आफैँमा स्थिर दस्तावेज होइन, समयानुकूल परिमार्जन आवश्यक हुन्छ र भइरहन्छ।

आफ्नो परिवर्तनलाई संविधान आफैँले आत्मसात् गरेको हुन्छ। लोकतान्त्रिक पद्धतिमा संविधान निर्माताले यसका लागि निश्चित आधारभूत संरचनाबाहेक अन्य विषयलाई सदैव परिमार्जनयोग्य विषयमा खुला राखेका हुन्छन्। संविधान संशोधनको प्रक्रियालाई लचिलो राखेर जनआकार्कंषा र आवश्यकता अनुसार परिमार्जनको व्यवस्था हुनु लोकतान्त्रिक प्रक्रियाको महत्वपूर्ण हिस्सा पनि हो।

समाजको आवश्यकताले संविधान कानुन परिमार्जन हुने सामान्य नियम हो। समय अनुसार समाजको सोच, मूल्य, आवश्यकता र प्राथमिकता परिवर्तन हुन्छ त्यस अनुसार संविधान पनि समयक्रम अनुसार परिमार्जन र अद्यावधिक आवश्यक हुन्छ। यसबिचमा अदालतबाट भएका व्याख्याका क्रमका देखिएका अस्पष्टता सम्बोधन गर्न, कार्यान्वयनका क्रममा देखिएका कठिनाइ सम्बोधन गर्न आवश्यक प्रस्ट देखिएको छ। सङ्घीय लोकतान्त्रिक व्यवस्थामा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट, समायोजनलगायतका प्रस्तताका लागि पनि संशोधनको आवश्यकता महसुस गरिएको छ।

संशोधन/सुधारका आधार

संविधान सुधार वा संशोधन चरणबद्ध प्रक्रिया हो। यो प्रक्रियाको पूर्णता रातारात वा हठात् पूरा पनि हुँदैनन्।

पर्याप्त बहस, नागरिक सहभागिता र अपनत्वलगायतका लामो प्रक्रिया संशोधनले लिन्छ। अहिलेकै संविधान संशोधनको प्रक्रिया अगाडि बढाउन कम्तीमा पनि तीन चरणको सुधार प्रक्रिया आवश्यक हुन्छ।

जसमा अहिले भइरहेको कार्यान्वयन मूल्यांकन र त्यसको पूर्वअध्ययन आवश्यक पर्छ र हुनु पर्छ।

किनकि संशोधनलाई सकेसम्म दीर्घकालीन, समयानुकूल र नागरिक भावना समेट्न पूर्वअध्ययन आवश्यक छ।

संशोधनको चरणअघि कम्तीमा पनि कार्यान्वयनका क्रममा सरकारबाट भएका अध्ययन अनुसन्धान, संवैधानिक निकायको प्रतिवेदन, संसद् र संसदीय समितिले गरेको अध्ययन अनुसन्धान, संविधानमा अदालतको व्याख्याबाट भएको सुधारका विषय, पेसागत सङ्गठन र नागरिक समाजको अध्ययन तथा राजनीतिक आन्दोलन र परिवर्तनलाई आधार मान्न सकिन्छ।

संविधान कार्यान्वयनका क्रममा अहिले सरकारी तवरबाट संविधानको कार्य विस्तृतीकरण अध्ययन भएको पाइन्छ। यस्तै शासकीय संरचना फेरबदलका लागि दलले उठाएका विषय पनि संशोधनको सन्दर्भ सामग्री बन्न सक्छन्।

विभिन्न संवैधानिक आयोगले आफ्ना वार्षिक प्रतिवेदनमा संविधान र कानुन सुधारका क्षेत्रमा दिएका प्रतिवेदनका व्यवस्था अध्ययन आवश्यक छ।

संसद् र संसदीय समितिले प्रदेश संरचना, प्रदेश कार्यपालिका र व्यवस्थापिकाका विषयमा दिएका सुझाव पनि मननयोग्य छन्।

राष्ट्रिय सभाले सङ्घीय संरचनालाई प्रभावकारी बनाउँदै खर्च कटौतीका क्षेत्रमा संविधान सुधारका थुप्रै सुझाव दिएको छ। संविधान संशोधनको बहसमा संसद्का अध्ययन प्रतिवेदन सहयोगी दस्तावेज मात्र हैन मार्गदर्शन बन्न सक्ने छन्।

सर्वोच्च अदालतले १० वर्षको अवधिमा संविधानका धेरै व्यवस्थामा सुधार औँल्याउँदै व्याख्या गरेको छ। खास गरी सङ्घीय र प्रदेश सरकार गठनका विषयमा अदालतले संविधानका अपर्याप्तता औँल्याएको छ। आवश्यक कानुन निर्माणका लागि अदालतबाट आदेश भएका छन्।

बाकी पेज नं ८ मा

## पर्यटकलाई आकर्षित गर्न नयाँ होमस्टे सेवा



जनतापत्र, मेलम्ची

मेलम्ची नगरपालिका-९ मा अवस्थित चर्चित दृश्यावलोकन स्थल गुफाडाँडामा होमस्टे सेवा सञ्चालनमा आएको छ। शुक्रबार नगरप्रमुख आइतमान तामाङले एक समारोहमार्फत यसको उद्घाटन गर्नुभयो। कार्यक्रममा उपप्रमुख उमा प्रधान, वडाध्यक्ष किरणदिप खड्का र अन्य स्थानीय प्रतिनिधिहरूको सहभागिता थियो।

हालसम्म गुफाडाँडामा आउने आगन्तुकका लागि खानेबस्ने सुविधा सीमित रहेकाले वैकल्पिक व्यवस्थाका रूपमा होमस्टे सुरु गरिएको होमस्टे सञ्चालक निनामाया मोक्तानले बताउनुभयो। उहाँका अनुसार मेलम्ची नगरपालिकाको सहकार्यमा बनेको यस सुविधाले पर्यटकलाई एक दिन भए पनि स्थानीय वातावरणमा घुलमिल हुने अवसर दिनेछ।

मोक्तानले होमस्टेमार्फत केवल गुफाडाँडाको मात्र होइन, वरपरका गाउँको पर्यटन विकासमा पनि योगदान पुर्‍याउने योजना रहेको उल्लेख गर्नुभयो। उहाँले स्थानीय उत्पादन, संस्कृतिको अनुभव र आतिथ्य सेवाको माध्यमबाट आगन्तुकलाई आकर्षित गर्ने लक्ष्य लिएको जानकारी दिनुभयो। यससँगै गुफाडाँडा निकट भविष्यमा नयाँ पर्यटकीय केन्द्रका रूपमा उभिने अपेक्षा गरिएको छ।


## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

मृत्यु

मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



सुनकोशी गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय,सि.पा


## माथिल्लो भोटेकोसीमा सेयर विवाद चर्कियो, आक्रोशित स्थानीयद्वारा तोडफोड र आगजनी प्रयास




जनतापत्र, भोटेकोशी

सिन्धुपाल्चोकको ऐतिहासिक महत्व बोकेको माथिल्लो भोटेकोसी जलविद्युत आयोजना फेरि विवादको चपेटामा परेको छ । स्थानीयलाई वाचा गरिएको सेयर वितरण मुद्दा समाधान नभएसँगै बिहीबार आन्दोलित स्थानीयहरूले गाउँपालिका कार्यालयमा तोडफोड गर्नुका साथै टायरमा आगजनीको प्रयाससमेत गरेका छन् । घटनापछि क्षेत्र तनावपूर्ण बनेको छ ।

इलाका प्रहरी कार्यालय बाह्रबिसेका प्रहरी निरीक्षक सुमेश पाण्डेका अनुसार आक्रोशित भीडलाई तत्काल नियन्त्रणमा लिइएको छ । "आगो फैलिन दिइएन, भिड नियन्त्रणमा छ, अहिले अवस्था शान्त छ," उनले बताए । घटनामा दुई जना सामान्य घाइते भएका छन् ।

४६ मेगावाट क्षमताको माथिल्लो भोटेकोसी जलविद्युत आयोजनाबाट करिब दुई दशकअघि विद्युत् उत्पादन सुरु गरिएको थियो । सुरुमा कम्पनीले स्थानीय बासिन्दालाई निश्चित प्रतिशत सेयर वितरण गर्ने वाचा गरेको भए पनि अझैसम्म कार्यान्वयन हुन सकेको छैन ।

स्थानीयको गुनासो छ– "हामीलाई पटक-पटक आश्वासन मात्र दिइन्छ, तर प्रत्यक्ष लाभ पाइँदैन ।" यसै कारण सेयर मुद्दा यहाँको प्रमुख असन्तुष्टि बनेको छ ।

यसअघि पनि आन्दोलित स्थानीयले १० दिनसम्म पावर हाउस बन्द गराएका थिए । त्यसले विद्युत् आपूर्ति प्रभावित भएको मात्र होइन, करोडौँको आर्थिक क्षति पनि भएको अनुमान गरिएको छ । तर समाधान खोज्न कम्पनीले सबै सरोकारवालासँग छलफल गर्नुपर्नेमा, पालिका अध्यक्षसहित सीमित जनप्रतिनिधिसँग मात्र बैठक गरेको जानकारी पाएपछि आन्दोलनकारी फेरि आक्रोशित बनेका थिए ।

गाउँपालिका भवनमा आक्रोशित भिड जम्मा भएपछि ढुंगामुढा सुरु भएको थियो । भवनका सिसा फुट्नुका साथै केही कागजात पनि नष्ट भएको प्रहरीले जनाएको छ । आक्रोश बढ्दै जाँदा बैठकमा बसेका जनप्रतिनिधि र कम्पनीका अधिकारीहरू सुरक्षित रूपमा स्थल छाडेर भाग्न बाध्य भएका थिए । प्रहरीले भिड नियन्त्रणका लागि हल्का बल प्रयोग गरेको स्वीकार गरेको छ । अहिले पनि गाउँपालिका क्षेत्रमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालित छन् ।माथिल्लो भोटेकोसी आयोजनाबाट विद्युत् उत्पादन सुरु भएको धेरै वर्ष भइसके पनि स्थानीय लाभांश र अधिकारको विषय समाधान नभएकाले पटक-पटक तनाव उत्पन्न हुने गरेको छ ।

विकास विज्ञ टेक बहादुर भट्टराई भन्छन्, "यो आयोजना राष्ट्रिय सम्पत्ति हो, तर स्थानीयले आफूलाई वञ्चित महसुस गरिरहेसम्म असन्तुष्टि हट्दैन । दीर्घकालीन समाधानका लागि पारदर्शी प्रक्रिया र ठोस कदम आवश्यक छ ।"


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

- चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं, आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं. मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
- दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

चौतारा साँगाचोकगढी नपा.वडा नं. १४ को कार्यालय,सि.पा

# संविधान दिवसमा विचार गोष्ठी : संविधानको संरक्षण र सुधारबारे बहस

जनतापत्र, चौतारा

संविधान दिवसको अवसरमा प्रेस चौतारी नेपाल, सिन्धुपाल्चोकले आयोजना गरेको विचार गोष्ठीमा सहभागी विभिन्न राजनीतिक दलका प्रतिनिधि, कानूनविद्, सञ्चारकर्मी र नागरिक समाजका अगुवाहरूले नेपालको संविधानलाई सबल र दीगो बनाउन सबैको साझा प्रतिबद्धता आवश्यक रहेको निष्कर्ष निकालेका छन्। '

नेपालको संविधान, वर्तमान राजनीति र आगामी गन्तव्य' शीर्षकमा सम्पन्न उक्त कार्यक्रममा संविधानको कार्यान्वयन, हाल देखिएका राजनीतिक घटनाक्रम, पुस्तान्तरण आन्दोलन र प्रणालीगत सुधारबारे विस्तृत बहस गरिएको थियो।

संविधान घाइते भए पनि जोगाउन सकिन्छ। कार्यक्रममा नेकपा (एमाले) स्थायी कमिटी सदस्य शेरबहादुर तामाङले हालै देखिएका जेन-जी आन्दोलनका घटनाबारे निष्पक्ष छानबिनको आवश्यकता औंल्याउँदै, "संविधान घाइते छ, तर अझै जोगाउन सकिन्छ," भन्नुभयो। उहाँका अनुसार, कुनै पनि आन्दोलनलाई अनावश्यक देवत्वकरण वा दानवीकरण गर्नु घातक हुन्छ र त्यसले समाजमा विभाजन मात्र निम्त्याउँछ।

प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले संविधानको रक्षाका लागि ठोस नेतृत्व र सही दृष्टिकोण अनिवार्य भएको उल्लेख गर्नुभयो। उहाँले चेतावनी दिँदै भन्नुभयो, "यदि नेतृत्वले स्पष्ट बाटो देखाउन सकेन भने भीडको शासन हुनसक्छ, जुन देशका लागि खतरनाक हुन्छ।" उहाँले पुस्तान्तरणलाई अस्वीकार नगरी तर परिपक्वता, अध्ययन र जिम्मेवारीको भावना आवश्यक रहेको धारणा राख्नुभयो।

एमाले केन्द्रीय सदस्य तथा सिन्धुपाल्चोक इन्चार्ज सरेश नेपालले मुलुकलाई पुनः प्रतिगमनतर्फ धकेल्ने गतिविधि रोक्नु अपरिहार्य भएको उल्लेख गर्दै, संविधानको संरक्षण गर्दै संसदीय प्रणालीमा आवश्यक सुधार गर्नुपर्ने धारणा राख्नुभयो।

उहाँले भन्नुभयो, "हामीले परिवर्तनको यात्रालाई अघि बढाउनैपर्छ, संविधानलाई कमजोर बनाउने कुनै प्रयास सफल हुन दिइँदैन।"

कार्यक्रममा एमाले सिन्धुपाल्चोक अध्यक्ष होमनारायण श्रेष्ठ, माओवादी केन्द्रका जिल्ला संयोजक गोविन्द पराजुली र नेपाली कांग्रेसका जिल्ला सचिव विलबहादुर तामाङले संविधानको रक्षा राष्ट्रिय सरोकारको विषय भएकोमा जोड दिएका थिए।

उनीहरूले संविधान संशोधन सम्भव भए पनि त्यसका लागि सबै दलबीचको सहमति र साझा प्रतिबद्धता आवश्यक हुने धारणा राखे।

अधिवक्ता शशीनाथ आचार्यले कार्यपत्र प्रस्तुत गर्दै नेपालको संविधानले संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र, समावेशीता र समानुपातिक प्रतिनिधित्वलाई मौलिक विशेषता बनाएर अघि बढाएको उल्लेख गर्नुभयो।

उहाँका अनुसार, यी विशेषताले संविधानलाई जनमुखी बनाएको भए पनि कार्यान्वयनमा चुनौतीहरू देखिएका छन्। सुशासन, स्थायित्व र समावेशिताको दिशा कायम राख्न सबै तहको सहयोग अपरिहार्य रहेको उहाँको तर्क थियो।

कार्यपत्रमाथि टिप्पणी गर्दै नेपाल बार एशोसिएसन सिन्धुपाल्चोक अध्यक्ष भूपेन्द्र थिङले हालैको सरकार निर्माण प्रक्रिया र प्रतिनिधिसभा विघटनजस्ता घटनाले संविधानको मर्मलाई आघात पुऱ्याएको टिप्पणी गर्नुभयो। उहाँले संसद्लाई जिम्मेवार बनाउँदै संविधानलाई सुधार र जनउत्तरदायी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो। सञ्चारकर्मी यज्ञ दंगालले पुस्तान्तरणलाई स्वाभाविक प्रक्रिया भन्दै तर नयाँ पुस्ताले अध्ययन, प्रतिबद्धता र परिपक्वता देखाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले "संविधानलाई जलाउन होइन, खरानीबाट नयाँ आशा निर्माण गर्नुपर्ने" सन्देश दिनुभयो।

वक्ताहरूको सामूहिक निष्कर्षमा संविधानको संरक्षण, सुधार र समावेशी विकासको बाटोमा राजनीतिक दल, नागरिक समाज, बौद्धिक समुदाय र सञ्चार माध्यम सबैको साझा सहकार्य अपरिहार्य रहेको उल्लेख गरियो। कार्यक्रमले संविधान दिवसलाई केवल औपचारिकतामा सीमित नराखी, भावी मार्गचित्र तय गर्ने अवसरको रूपमा प्रयोग गर्नुपर्ने सुझाव पनि प्रस्तुत गर्‍यो।

# सिन्धुपाल्चोकमा वन डढेलो प्रतिकार्य तथा नियन्त्रण तालिम



जनतापत्र, चौतारा

सिन्धुपाल्चोक जिल्लाको चौतारा साँगाचोकगढी नगरपालिका-७ बाजेकपासे र वडा-१३ को भेडिगोठ सामुदायिक वन क्षेत्रमा वन डढेलो प्रतिकार्य तथा नियन्त्रणसम्बन्धी तालिम सम्पन्न भएको छ।

फरेस्ट एक्सन नेपालको आयोजनामा सम्पन्न तालिममा बागमती प्रदेश सरकारको वन तथा वातावरण मन्त्रालय, सामुदायिक वन उपभोक्ता महासङ्घ नेपाल, डिभिजन वन कार्यालय सिन्धुपाल्चोक तथा स्थानीय सामुदायिक वन उपभोक्ता समूहको सक्रिय सहभागिता रहेको थियो।

कार्यक्रममा प्रदेश मन्त्रालयका अधिकृत गगन शर्माले नेपालको विशेष भौगोलिक अवस्था, वन डढेलोका कारण र प्रकार, "अग्नि त्रिभुज" सम्बन्धी सिद्धान्त, नियन्त्रणका चरण र व्यावहारिक उपायबारे सैद्धान्तिक प्रशिक्षण दिनुभयो। फरेस्ट एक्सन नेपालका अनुसन्धानकर्ता मदन बस्त्यालले अग्नि नियन्त्रणको प्रतिकार्य र व्यक्तिगत सुरक्षा सम्बन्धी विषयमा प्रशिक्षण दिनुभयो।

त्यसैगरी डिभिजन कार्यालयका हरित स्वयंसेवक संयोजक शारदा प्रसाद चालिसेले भेडिगोठ र बाजेकपासे सामुदायिक वनमा फिल्ड अभ्यास, औजार प्रयोग, अग्नि रेखा निर्माण र प्रायोगिक अभ्यास गराउनु भयो। कार्यक्रममा रेन्जर किरण चौधरी, चौतारा नगरपालिका वन तथा वातावरण विभाग प्रमुख चिरञ्जीवी कट्टेल, वन क्लस्टरका रेन्जर रामसरण बिक, अनुसन्धानकर्ता आयुष गौतमलगायत अधिकारीहरूको पनि उपस्थिति थियो। सहभागीहरूले तालिमबाट डढेलो नियन्त्रणका लागि आवश्यक सीप, औजार प्रयोगको ज्ञान र व्यावहारिक अनुभव हासिल भएको बताएका छन्।

उनीहरूले भविष्यमा डढेलो लाग्दा समयमै प्रतिकार्य गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्दै आयोजक फरेस्ट एक्सन नेपाल र प्रशिक्षक टोलीलाई धन्यवाद दिएका छन्।

# एमालेद्वारा शुभकामना आदान-प्रदान

जनतापत्र, चौतारा

पाँचपोखरी थाङपाल गाउँपालिकामा नेकपा (एमाले) गाउँपालिका कमिटीले संविधान दिवस तथा दशैं-तिहारको उपलक्ष्यमा शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रम सम्पन्न गरेको छ।

शुक्रबार सम्पन्न कार्यक्रममा एमाले केन्द्रीय सल्लाहकार परिषद्का सदस्य माधवप्रसाद पाण्डे प्रमुख अतिथि रहनुभएको थियो। कार्यक्रममा एमाले बागमती प्रदेश कमिटी सदस्य टासी लामा, राष्ट्रिय प्रतिनिधि परिषद सदस्य सुनिता अधिकारी, जिल्ला कमिटी सचिवालय सदस्य तथा प्रदेश संयोजक निर्मल बन्जारा, जिल्ला कमिटी सदस्यद्वय पासाङ लामा र नारायण भट्टराईसहित पालिका कमिटी र वडा कमिटीका प्रतिनिधिहरूको सहभागिता थियो।

कार्यक्रम पालिका कमिटी उपाध्यक्ष दोकदोक तामाङको अध्यक्षतामा सम्पन्न भएको हो। स्वागत मन्तव्य निर्मल बन्जाराले प्रस्तुत गर्नुभयो। राख्दै राष्ट्रिय चाडपर्वले एकता र सहकार्यलाई बलियो बनाउने कुरा औंल्याउनुभयो।


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ

पाँचपोखरी थाङ्पाल गाँउपालिका कार्यालय, सिन्धुपाल्चोक

## सिन्धुपाल्चोकका खेलाडीले हिराहरि तेक्वान्दो डोजाङको ग्रेडिङमा नयाँ उचाइ

जनतापत्र, चौतारा

चौतारास्थित हिराहरि तेक्वान्दो डोजाङले वार्षिक कार्यक्रमअन्तर्गत सिनियर खेलाडीहरूको ग्रेडिङ सम्पन्न गरेको छ। नेपाल तेक्वान्दो संघको वार्षिक कार्यतालिकाअनुसार आयोजना गरिएको यो कार्यक्रम चौतारा रंगशालामा रहेको तालिम हलमा सम्पन्न भएको हो।

कार्यक्रममा खेलाडी र अभिभावकहरूको बाक्लो उपस्थिति रहेको थियो। अनमोल कार्की, सचिन तामाङ, मिसन बागदास, सलिना चुहान, रेहान श्रेष्ठ र निभा श्रेष्ठ लगायतको सहभागिता रहेको कार्यक्रममा उपस्थित सबैले उत्साहजनक वातावरण सिर्जना गरेका थिए।

यस पटकको ग्रेडिङमा समृद्धि खड्का, अनमोल दंगाल, कृजन दंगाल, रोशन कपाली, साहस तामाङ, रेगिना गुरुङ, युग काले र माधवकुमार विकले रातो पेटीबाट रातो-कालो पेटीमा सफलता प्राप्त गरेका छन्। त्यस्तै, रातो-कालो पेटीबाट केही खेलाडीहरूले प्रथम डान कालो पेटीमा उन्नति गर्दै उच्च स्तर हासिल गरेका छन्।

सिनियर ग्रेडिङमा सहभागी सबै खेलाडीहरूले लामो समयको अभ्यास र समर्पण देखाएका थिए।

ग्रेडिङको क्रममा खेलाडीहरूले आफ्नो बल, सटीकता, गति र तेक्वान्दोको विविध प्रविधिमा दक्षता प्रदर्शन गरे। उपस्थित प्रशिक्षक र निर्णायकहरूले प्रत्येक खेलाडीको प्रदर्शनलाई मूल्यांकन गर्दै आवश्यक सुझावहरू दिएका थिए।

कार्यक्रमको अन्त्यमा संस्थापक तथा डोजाङ प्रमुख रमेश गुरुङले सफल खेलाडीहरूलाई बधाई दिँदै आगामी दिनमा अझ उत्कृष्ट प्रदर्शन गर्न प्रेरणा प्रदान गरे। उनले डोजाङ र खेलाडीबीचको सहकार्य र अनुशासनले आगामी प्रतिस्पर्धामा पनि सफलता सुनिश्चित गर्ने विश्वास व्यक्त गरे।

हिराहरि तेक्वान्दो डोजाङले आगामी दिनमा पनि खेलाडीको स्तर उकास्ने उद्देश्यसहित विभिन्न प्रशिक्षण र प्रतियोगिता आयोजना गर्ने योजना रहेको जनाइएको छ। यस कार्यक्रमले सिन्धुपाल्चोकमा तेक्वान्दोको विकास र युवा खेलाडीहरूको उत्साह वृद्धिमा महत्वपूर्ण भूमिका खेलेको छ।

## जलेर मृत युवती सिन्धुपाल्चोककी



जनतापत्र, चौतारा

पोखरामा आगो लागेका घरमा मृत फेला परेकी युवती सिन्धुपाल्चोककी रहेकी पुष्टि भएको छ। कास्की प्रहरीले मृतकको पहिचान सञ्जु नगरकोटी (३५ वर्ष) भएको जनाएको छ। सञ्जु नगरकोटी गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री विन्दुकुमार थापाका भाई ध्रुव थापाको पोखरा-९ नयाँ बजारस्थित घरमा काम गर्दै आएकी थिइन्। उनी त्यहाँ स्वरुममा काम गर्दै आएकी र असार १ गतेदेखि सो स्थानमा कार्यरत थिइन्। पोखरामा आगोले दुई घरमा क्षति पुर्‍याएको घटनामा दुई जना मृत फेला परेका थिए।

सञ्जुको मृत्यु यस घटनासँग सम्बन्धित छ वा अन्य कारणले भएको हो भन्ने विषयमा अनुसन्धान भइरहेको कास्की प्रहरीले जनाएको छ। स्थानीय प्रहरीले घटनास्थलको निरीक्षण गर्दै आगो लाग्ने कारण र घटना सम्बन्धी अन्य तथ्यांक संकलन गरिरहेको छ। प्रहरीको प्रारम्भिक अनुसन्धान अनुसार, घटना शंका र अपराधिक क्रियाकलाप दुवैको सम्भावना खोतलिएको छ। स्थानीय समाज र परिवारले घटनाप्रति दुःख व्यक्त गर्दै प्रहरीलाई शीघ्र अनुसन्धान गरी सत्य तथ्य सार्वजनिक गर्न आग्रह गरेका छन्।

## सिन्धुपाल्चोक तेक्वान्दो संघको नयाँ नेतृत्वमा कार्की



जनतापत्र, चौतारा

नेपाल तेक्वान्दो संघ सिन्धुपाल्चोकको पाँचौँ जिल्ला अधिवेशनबाट रामचन्द्र कार्की अध्यक्षमा निर्वाचित भएका छन्। शुक्रबार सुकुटेमा सम्पन्न अधिवेशनले उपाध्यक्षमा रमेश गुरुङ, कोषाध्यक्षमा नकुन नेपाल र सदस्यहरूमा प्रेमबहादुर भण्डारी, कुमार बस्नेत, नरेन्द्र खड्का, माधव विक तथा इश्वर भण्डारीलाई निर्विरोध चयन गरेको निर्वाचन अधिकृत दुर्गामान तामाङले जानकारी दिए।

२०५४ सालमा स्थापना भएको संघले जिल्लामा तीन वटा राष्ट्रिय खेल सफलतापूर्वक सम्पन्न गरिसकेको निवर्तमान अध्यक्ष प्रेमबहादुर भण्डारीले बताए। उनले संघ ठूलो संघर्षपछि स्थापना भएको भन्दै नयाँ नेतृत्वले त्यसको जिम्मेवारी अझ प्रभावकारी रूपमा निर्वाह गर्ने अपेक्षा व्यक्त गरे।

कार्यक्रममा सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेत, खेलकुद विकास समितिका अध्यक्ष रामकृष्ण दंगाल, नेपाल तेक्वान्दो संघका केन्द्रीय सदस्य हेमन्त डाँगीलगायतले नवनिर्वाचित कार्यसमितिलाई बधाई दिँदै तेक्वान्दोको विकासमा सहकार्य गर्ने प्रतिबद्धता जनाए।

नवनिर्वाचित समितिको पहिलो बैठकले प्रेमबहादुर भण्डारीलाई केन्द्रीय प्रतिनिधि बनाउने निर्णयसहित तेक्वान्दोको विकासका लागि आवश्यक योजनामा छलफल गरेको उपाध्यक्ष रमेश गुरुङले जानकारी दिए।

## जुगल गाउँपालिकाको चेतावनी: देश जल्दा खुशी मान्ने कर्मचारी-शिक्षकले राजीनामा दिनुपर्छ

जनतापत्र, जुगल

जेन-जेड आन्दोलनका क्रममा सार्वजनिक सम्पत्ति जल्दा खुशी व्यक्त गर्ने कर्मचारी र शिक्षकहरूलाई जुगल गाउँपालिकाले स्पष्ट निर्देशन दिएको छ।

गाउँपालिकाका अध्यक्ष रेशम स्याङ्बोले शनिबार सामाजिक सञ्जालमार्फत यस्तो आदेश जारी गर्दै भने, "देश जलिरहेको अवस्थामा खुसी मनाउने मानसिकता सरकारी सेवामा रहन योग्य छैन। भोलिदेखि त्यस्ता कर्मचारी र शिक्षकले कार्यालयमा उपस्थित नहुनुहोस्।"

स्याङ्बोका अनुसार, भ्रष्टाचार विरोधी आन्दोलनको पक्षमा उभिनु स्वाभाविक भए पनि सिंहदरबार, सर्वोच्च अदालत र राष्ट्रपति भवन जस्ता संरचना जलाउँदा खुसी मनाउनु गैरजिम्मेवार र अस्वाभाविक व्यवहार हो। गाउँपालिकाले सामाजिक सञ्जालमा कमेन्ट वा पोस्टमार्फत यस्तो दृष्टिकोण देखाउने कर्मचारी-शिक्षकहरूको विवरण संकलन गरिसकेको छ।

यदि स्वेच्छाले राजीनामा नदिए कानुनी प्रक्रिया अघि बढाइने चेतावनी पनि दिइएको छ।

विशेषज्ञहरूले भने, सरकारी कर्मचारी र शिक्षकको आचार-व्यवहारले जनताको विश्वास कायम राख्न महत्वपूर्ण भूमिका खेल्छ।

साथै, आगामी दिनमा सरकारी कार्यालयमा आचार-संहिता कडाइका साथ लागू गर्ने तयारी पनि भइरहेको छ।


## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं,
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं, दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं

त्रिपुरासुन्दरी गाउँपालिकाको कार्यालय, सिन्धुपाल्चोक

# विद्यार्थी संगठनहरूको संयुक्त ज्ञापनपत्र:

जनतापत्र, चौतारा

नयाँ विद्यालय शिक्षा विधेयकप्रति विरोध जनाउँदै सिन्धुपाल्चोकका विभिन्न विद्यार्थी संगठनहरूले सरकारलाई संयुक्त ज्ञापनपत्र बुझाएका छन्।

उनीहरूका अनुसार हाल प्रस्तुत विधेयकले शिक्षा क्षेत्रमा अपेक्षित सुधार ल्याउन नसकेको र निजीकरण तथा व्यापारीकरणलाई संस्थागत गर्दै सार्वजनिक शिक्षालाई कमजोर बनाउने खतरा रहेको छ।

विद्यार्थी संगठनहरूले जनाए कि २०२८ सालको पुरानो शिक्षा ऐनलाई प्रतिस्थापन गर्ने उद्देश्यले ल्याइएको विधेयकले सर्वसाधारणको पहुँचमा निःशुल्क शिक्षा सुनिश्चित गर्न पर्याप्त व्यवस्था नगरेको छ।

उनीहरूले विद्यालय शिक्षा विधेयकले आधारभूत तहसम्म अनिवार्य शिक्षा, माध्यमिक तहसम्म पूर्ण निःशुल्क शिक्षा र रोजगारमुखी तथा सीपमूलक शिक्षा सुनिश्चित गर्नुपर्ने माग गरेका छन्।

ज्ञापनपत्रमार्फत विद्यार्थी संगठनहरूले शिक्षा क्षेत्रमा केही प्रमुख माग राखेका छन्। तिनीहरूका अनुसार, सरकारी कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा विनियोजन गर्नुपर्ने, शिक्षामा व्यापारीकरण रोक्ने, नयाँ निजी शिक्षण संस्था खोल्न रोक लगाउने, शिक्षक सेवा प्रवेश उमेर १८-४० वर्ष कायम गर्ने र सबै सरकारी सेवाग्राहीका सन्तानलाई सार्वजनिक विद्यालयमा पढाउने व्यवस्था अनिवार्य हुनुपर्छ।

त्यस्तै, उनीहरूले सबै शैक्षिक संस्थामा समान पाठ्यक्रम लागू गर्न, मातृभाषा, नेपाली भाषा र कम्तीमा एक अन्तर्राष्ट्रिय भाषा शिक्षण माध्यम बनाउन, बाल विकासलाई विद्यालय शिक्षाभित्र समावेश गर्न, शिक्षक सरुवा नीतिमा सुधार गर्न, तथा छात्रवृत्ति प्रणालीलाई एकीकृत गर्दै पारदर्शी ‘केन्द्रीय विद्यार्थी छात्रवृत्ति पोर्टल’ स्थापना गर्न जोड दिएका छन्।

ज्ञापनपत्र नेपाल विद्यार्थी संघ, अनेरास्ववियु र अखिल क्रान्तिकारी विद्यार्थी संगठनले संयुक्तरूपमा बुझाएका हुन्।

विद्यार्थीहरूको भनाइमा, “शिक्षा सबैका लागि निःशुल्क, समान र गुणस्तरीय हुनुपर्छ। निजीकरण र व्यापारीकरणले यो अधिकारलाई कमजोर बनाउँछ। सरकारले हाम्रो माग सुनेर शिक्षा प्रणाली सुधारमा ध्यान दिनु आवश्यक छ।”

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ
जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।
मृत्यु
मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरू :
❖ मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
❖ सूचकको नागरिकता
❖ मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
❖ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



जुगल गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय,सि.पा

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ
जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।
मृत्यु
मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरू :
❖ मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
❖ सूचकको नागरिकता
❖ मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
❖ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



लिसंखुपाखर गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय,सि.पा

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ
जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।
मृत्यु
मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरू :
❖ मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
❖ सूचकको नागरिकता
❖ मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
❖ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



चौतारा साँगाचोकगढी नपा, वडा नम्वर ३
वडा कार्यालय,सि.पा

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ

**चौतारा साँगाचोकगढी नपा.वडा नं. १ को कार्यालय,सि.पा**

## चाडपर्वको बेला सुरक्षित यात्रा गरौं

चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ

**चौतारा साँगाचोकगढी नपा.वडा नं. ७ को कार्यालय,सि.पा**

## जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

### मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



**चौतारा साँगाचोकगढी नगरपालिका**

**नगरपालिकाको कार्यालय,सि.पा**

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ
जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।
मृत्यु
मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरु :
- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



भोटेकोशी गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय,सि.पा

# संविधानले नसुल्झाएक...

अदालतको आदेश अनुसार शासकीय व्यवस्था संविधानमै सुधारको प्रारम्भबिन्दु हुन सक्छ । यस्तै समावेशी व्यवस्थाका विषयमा पनि अदालतका बृहत् व्याख्या भएका छन् । नेपाल बार एसोसिएसन र न्यायाधीशको राष्ट्रिय सम्मेलनले पनि संविधानका विभिन्न पक्षमा सुधारका लागि सुझाव दिइसकेका छन् ।   खास गरी न्यायपालिका र न्यायिक स्वतन्त्रताका विषयमा यस्ता संशोधन केन्द्रित छन् ।

राजनीतिक रूपमा भएको परिवर्तनको अपनत्व संविधान सुधारका क्रममा हुनुपर्ने र लिइनुपर्ने अर्को महत्वपूर्ण आधार हुन्छ । नागरिकका आवाजका रूपमा भएको राजनीतिक परिवर्तनलाई संशोधनका सवालमा अनदेखा गर्ने अवस्था रहँदैन । किनकि संविधान सुधारको प्रारम्भविन्दु नागरिकको अभिमत हो ।

नागरिक अपनत्वको प्रबन्ध

नेपालको संविधानले संशोधनका लागि सीमा तोकेको छ । संविधान स्वयम्ले अन्य संवैधानिक आयोगको पुनरवलोकनको समयसीमा प्रस्ट रूपमा १० वर्ष तोकेको छ । त्योबाहेकका अन्य विषयका परिमार्जन समयानुकूल र आवश्यकताका आधारमा नै हुने छ ।

संविधानले चार आधारभूत विषयबाहेक अन्यलाई संशोधन खुला राखेको छ । नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुनेबाहेक अन्यलाई संशोधन वा खारेज हुन सक्ने व्यवस्था गरेको छ ।

संविधानले नै संशोधन प्रक्रियामा नागरिक अपनत्व र सहभागितालाई सुनिश्चित गरेको छ ।

संशोधन विधेयक सदनमा प्रस्तुत भएको ३० दिनभित्र सर्वसाधारण जनताको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्ने गरी नागरिक सहभागितालाई संविधानले प्रत्याभूत गरेको छ ।

संविधान संशोधन शासकीय निर्देशन हैन जसको विधि, प्रक्रिया र अन्तर्वस्तु सबैमा नागरिक सहभागिता, स्वीकृति र अनुमोदन गर्नु पर्छ ।

यसरी संशोधन हुने पद्धतिबाट मात्र वैध उद्देश्य हासिल हुन सक्छ । बहुसङ्ख्यक नागरिकको स्वीकार्यताबिनाको संशोधन संविधान अङ्ग त बन्ला तर नागरिक अनुमोदन नहुन सक्छ ।

अबको संशोधन उन्नत लोकतान्त्रिक अभ्यासलाई थप बलियो बनाउनमा केन्द्रित हुन आवश्यक छ ।

(गोरखापत्रदैनिकबाट)

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।
चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं
नेपाल सरकार
विज्ञापन बोर्ड

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं ।
चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं, आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं. मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ
चौतारा साँगाचोकगढी नगरपालिका
वडा नं. ९ को वडा कार्यालय,सि.पा

चाडपर्वको बेला सुरक्षित यात्रा गरौं
चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,
सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं,
सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं र नचढौं,
आवश्यक संख्यामा सवारीसाधन संचालन गरौं,
सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं.
मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं,
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔँ
चौतारा साँगाचोकगढी नपा.वडा नं. ११ को कार्यालय,सि.पा